आज मिति २०७७ साल बैशाख ०९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ७४ औं बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरुङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरुङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चुडामणि शर्मा गौतम | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | राजिब घिमिरे | सहायक पाँचौं (प्रशासन शाखा) | |

# नगरकार्यपालिकाको मिति २०७७/०१/०९ गतेको ७४ औ वैठकको निर्णयहरु

**निर्णय १** :कोभिड -१९ को कारण प्रभावित व्यक्तिहरुका साथै असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईएको राहत सम्बन्धमा समीक्षा गरियो र वितरण गरिएको राहत समुचित वितरण भएको महसुस गरियो ।

**निर्णय २**: कोरोना भाईरसको प्रमुख रोकथाम तथा नियन्त्रण गरि विरामी र एम्बुलेन्स चालक बीचको दुरी कायम गर्न नगरक्षेत्रमा रहेका चार वटा एम्बुलेन्सलाई आईसोलेसन प्रयोजनको लागि कोटेशन माग गरिएकोमा सबैभन्दा कम मूल्यमा तयार गर्न मञ्जुर भएको विन्डोर ट्रेडिङ हाउसलाई काम गर्ने जिम्मा दिई निजले पेश गरेअनुसारको कोटेशन अनुसारको रु८१,३६० (अक्षेरुपी एकासी हजार तीन सय रुपैया ) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय ३**: यस नगरपालिकाले संचालन गरेको आइसोलेशन कक्ष नमुना सामुदायिक अस्पतालमा न्यूनतम पूर्वाधार जुटाउने क्रममा निर्माग गरिएको शौचालयको प्राविधिक मूल्याकंन भई आएको रकम रु ५३,८४४(अक्षेरुपी त्रिपन्न हजार आठ सय चवालीस ) उक्त अस्पताललाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय ४**: पाउँदीमा मिति २०७६/१२/७ देखि संचालित हेल्प डेस्कमा कार्यरत स्वास्थकर्मी र सुरक्षाकर्मी समेतको २०७६/१२/३० सम्मको खाना/खाजा वापतको रकम रु ४३,१०० ( अक्षेरुपी त्रिचालिस हजार एक सय रुपैया) र नमूना सामुदायिक अस्पतालमा संचालित फिवर क्लिनिकमा कार्यरत डाक्टर नर्सहरुलाई ड्यूटीमा खटिएको अवस्थामा उपलब्ध गराउने भनिएको खाना,खाजा वापतको रकम रु ११७३५ (अक्षेरुपी एघार हजार छ सय पैतीस रुपैया ) गरी जम्मा रु ५४८३५ (अक्षेरुपी चौवन्न हजार आठ सय पैंतीस रुपैया) भुक्तानी दिन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय ५**: करारमा रहेका कर्मचारीहरु मध्ये अमिन श्री सुसन न्यौपानेको म्याद अवधि २०७६ चैत्र ४ गतेसम्म थप गर्ने,का.स.श्री लक्ष्मीप्रसाद न्यौपाने र का.स. श्री चित्र बहादुर भण्डारीको म्याद अवधि २०७६ चैत्र मसान्तसम्म थप गर्ने,र साथै निम्न कर्मचारीहरुको म्यादअवधि २०७६ फागुन मसान्तमा सकिएकोले निजहरुको म्याद अवधि २०७७ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क.सं. | नाम थर | पद /तह |
|---|---|---|
| १ | श्री सन्दीप के सी | ईन्जिनियर |
| २ | श्री विकास सेढाई | सव ई. |
| ३ | श्री विष्णु गौली | सव ई. |
| ४ | श्री सुक वहादुर श्रेष्ठ | ह स चा |
| ५ | श्री गंगा वहादुर गुरुङ | हे स चा |
| ६ | श्री विमल भट्ट | ह.स.चा |
| ७ | श्री निर्मल न्यौपाने | ह.स.चा. |
| ८ | श्री किसान कुमाल | का स |
| ९ | श्री जीत व कुमाल | का स |
| १० | श्री शुशीला थापा | का स |

| क्र.सं. | नाम थर | पद /तह |
|---|---|---|
| १२ | श्री कृष्णमाया गुरुङग | का स |
| १३ | श्री शोभा मजाकोटी | का स |
| १४ | श्री सुक ब परियार | का स |
| १५ | श्री अनिता अधिकारी | का.स. |
| १६ | श्री तुलशी दुरा | का स |
| १७ | श्री कल्पना अधिकारी थापा | का स |
| १८ | श्री प्रतिज्ञा के सी | का स |
| १९ | श्री लक्ष्मी गुरुङग | का स |
| २० | श्री चन्द्र ब. घर्ती | का.स |
| २१ | श्री शान्ता देवकोटा | अ.न.मी |
| २२ | श्री सुनिता पोखरेल | अ.न.मी |
| २३ | श्री किनारा दुरा | अ.न.मी |
| २४ | श्री चन्द्रादेवी दुरा | सा प |
| २५ | श्री देवीमाया आले | सा प |
| २६ | श्री शारदा पौडेल | सा प |
| २७ | श्री मिरा अधिकारी | सा प |
| २८ | श्री बिना रेग्मी | सा प |
| २९ | श्री दुर्गा गुरुङग | सा प |
| ३० | श्री मेघ लामा | का.स. |
| ३१ | श्री पुष्पा दुरा | का.स. |

**निर्णय ६:** यस अवधिमा नगरपालिकाको वार्षिक कार्यक्रम भित्र रही संचालनमा रहेको योजनाहरुको कार्यसञ्चालनको क्रममा कोरोना भाईरसको कारण अवधि सकिएका तर काम बाँकी भएका योजनाहरुको म्याद बढीमा असार १५ गतेसम्म थपगर्ने निर्णय गरियो ।

**निर्णय ७:** चालु आ.व को वार्षिक कार्यक्रम अन्तर्गत रही काम सम्पन्न भई जाँचपास समेत भईसकेका योजनाहरुको कानुनी प्रकृया पुऱ्याई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय ८:** वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट सशर्त अनुदान स्वरुप प्राप्त रु १४,५०,००० (अक्षेरुपी चौध लाख पचास हजार रुपैया) को सम्बन्धमा कानुनी प्रकृया अबलम्बन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय ९:** सुन्दरबजार अस्पताललाई उपलब्ध गराउने अनुदान रकम मध्येबाट उक्त अस्पतालले COVID-19 को रोकथामको लागि अस्पतालमा खरिद गरिएको औषधी र उपकरणहरुको प्राप्त विलभरपाई बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय १०:** २०७७ वैशाख १ गते राती ११:४५ बजेतिर यस नगरपालिका भित्र वडा नं.४ दुराडाडा वस्ने रामजी सार्कीको घर (धनसार)मा अचानक चट्याङ पर्न गई रु १,३०,००० (अक्षरुपी एक लाख तीस हजार रुपैया ) बराबरको क्षति भएको र सोही समयमा वडा नं.११ तुरलुङकोट जैथुङका बस्ने बुद्धिबहादुर पाण्डेको घरमा अचानक चट्याङ परी रु ४,५०,००० (अक्षेरुपी चार लाख पचास हजार रुपैया ) बराबरको क्षति हुनुका साथै घरमुली  बुद्धिबहादुर पाण्डे घाइते भई उपचारार्थ काठ्माण्डौं लगिएकोमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दै नगरपालिकाको तर्फबाट तत्काल राहत स्वरुप वितरण गरिएको खाद्यान्न,भाडावर्तन र लत्ताकपडाको अनुमोदन गरियो ।